# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०४।२८ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

---------------------------------------------------

धोविनी गाउँपालिकाको कार्यालय पर्सामा कार्यरत नायब सुब्बा एनामुल हक अन्सारी र लेखापाल कृष्णनन्दन राय यादवले सडक ढलान र नाला निर्माणको कार्यसम्पन्न पश्चात सेवाग्राहीको चेक भुक्तानी दिन भुक्तानी अंकको दश प्रतिशत रकम घुस बापत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिइ गएको टोलीले निजहरुलाई रु.१,१०,०००।-(एक लाख दश हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजहरुले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निज राष्ट्रसेवकहरुलाई बिगो रु.१,१०,०००।-(एक लाख दश हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता